## सम्पादकीय

# योजना कार्यान्वयन सुस्त

देशको कुल गार्हस्थ उत्पादन वृद्धि हुँदै जाँदा सरकारले गर्ने आम्दानी र खर्च पनि वृद्धि हुँदै गएको छ । संघीय शासन व्यवस्थाअनुसार अहिले संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार छ । तीनै तहका सरकारले तोकिएको समयमा नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गर्दछन् । तीनै तहको सरकारले व्यवस्थापिकाबाट पारित गरेको नीति तथा कार्यक्रम एवम् बजेटको कार्यान्वयन भने कमजोर बनिरहेको छ । सरकारले गर्ने नियमित प्रकृतिका साधारण खर्च सन्तोषजनक रहे पनि विकास निर्माणका काममा हुने पुँजीगत खर्चको अवस्था निकै कमजोर बनिरहेको हो । विभिन्न तहका सरकार आफैंले बनाएका कार्यक्रम र योजना समयमै सम्पन्न गर्न तथा त्यसका लागि विनियोजन गरेको रकम खर्च गर्न नसक्दा विकासको गति सुस्त बनिरहेको छ । धेरै योजनाहरु कार्यान्वयन गर्नेगरी योजना बनाए पनि समयमा योजना सुरु गर्न नसक्दा बजेट खर्च हुन नसक्नुका साथै योजना नै अलपत्र पर्ने गरेका हुन् ।

समयमै योजना कार्यान्वयन गर्ने र बजेट खर्च गर्न नसक्ने परिपाटी संघ, प्रदेश हुँदै स्थानीय तहसम्म फैलँदै जानु चिन्ताको विषय बनेको छ । समयमै योजना सम्पन्न गर्न नसक्ने रोगबाट हेटौंडा उपमहानगरपालिका पनि अछुतो रहन सकेको छैन । शनिबार हेटौंडा उपमहानगरपालिकाको १४ औं नगरसभामा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँले प्रस्तुत गरेको कार्य प्रगति विवरणले योजना कार्यान्वयनको अवस्था निकै कमजोर देखिएको हो । चालु आर्थिक वर्षदेखि उपमहानगरपालिकाले वडा कार्यालयमार्फत् कार्यान्वयन हुनेयोजना र कार्यक्रम वडामै सम्झौता गरी वडाबाटै भुक्तानीको व्यवस्था गरे पनि कार्यक्रम कार्यान्वयनमा प्रगति हुन सकेको छैन । विगतका वर्षमा उपमहानगरपालिकाका १९ वटै वडामार्फत् कार्यान्वयन भएका कार्यक्रम तथा योजनाको सम्झौता तथा भुक्तानी उपमहानगरपालिकाबाटै हुँदा योजना कार्यान्वयन, रकम भुक्तानी र फछ्र्यौटमा समस्या हुने भन्दै सवै वडा कार्यालयहरुमा खर्च केन्द्र स्थापना गरी वडाबाटै भुक्तानीको सुरुवात गरिएको हो ।

चालु आर्थिक वर्षमा पूर्वाधारतर्फका १ हजार १ सय १८ वटा योजनामध्ये हालसम्म २ सय ३२ वटा आयोजनामात्र सम्झौता भएको छ । सम्झौता भएका आयोजनामध्ये ३२ वटा सम्पन्न भएको र अन्य ९ सय ८६ वटा आयोजना कार्यान्वयनको चरणमा रहेको बताइएको छ । आर्थिक वर्ष सुरु भएको ६ महिना हुनलागदासमेत ३ प्रतिशत पनि योजना सम्पन्न नहुनुले योजना कार्यान्वयन निकै सुस्त रहेको प्रष्ट हुन्छ । गत आर्थिक वर्षको जिम्मेवारी सरी आएका योजनाहरुमध्ये पनि ६१ वटा आयोजना अझै सम्पन्न हुन नसकेको बताइएको छ । उपमहानगरपालिकाको राजश्व असुलीको अवस्था भने सन्तोषजनक देखिन्छ । चालु आर्थिक वर्षमा ३० करोड ९४ लाख राजश्व असुलीको लक्ष्य राखेको उपमहानगरपालिकाले साढे ५ महिनामा लक्ष्यको आधा राजश्व संकलन गरेको छ ।

चालु आर्थिक वर्षको २ अर्ब ९० करोड बजेटमध्ये उपमहानगरपालिकाले हालसम्म ७४ करोड आम्दानी गरेको र ६४ करोड खर्च गरेको छ । चालु आर्थिक वर्षको विनियोजित बजेटअनुसार उपमहानगरको हालसम्मको आम्दानी २५ प्रतिशत र खर्च २२ प्रतिशतमात्र भएको देखिन्छ ।

हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षको बजेट परिचालनको आँकडा लक्ष्यको तुलनामा निकै कमजोर देखिएको छ । उपमहानगरले चालु आर्थिक वर्षको हालसम्म गरेको ६४ करोड खर्चमध्ये पनि करिब ८ करोडमात्रै पूर्वाधार निर्माणमा खर्च गरिएको छ । खर्च भएको अधिकांश रकम तलब, भत्ता र अन्य प्रशासनिक क्षेत्रको छ । आर्थिक वर्ष आधा अवधि बित्न लागदासमेत पूर्वाधार क्षेत्रको ९ सय ८६ (करिब ८८ प्रतिशत) योजना कार्यान्वयनमा जान सकेको छैन । यसले उपमहानगरको योजना कार्यान्वयनको अवस्था निकै सुस्त देखिएको छ । करिब ६ महिनासम्म ३ प्रतिशत योजना सम्पन्न भएका, ९ प्रतिशत कार्यान्वयनमा रहेका र ८८ प्रतिशत कार्यान्वयनमा जानै नसकेको अवस्थामा अब बाँकी ६ महिनामा कसरी ती योजना कार्यान्वयन हुन्छन् भन्ने चासो र चिन्ताको विषय हो । समयमै योजना कार्यान्वयन नगर्ने, आर्थिक वर्षको अन्त्यतिर हतार-हतार योजना कार्यान्वयन सम्झौता गरेर काम गर्दा काम प्रभावकारी हुन नसक्ने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : बौद्धिक र दार्शनिक क्रियाकलापमा सरिक भइने छ । |
| वृष | : परिवारको इच्छा बुझेर अगाडि बढ्दा राम्रो हुन्छ । |
| मिथुन | : परोपकारी र सामाजिक काममा दौडधूप होला । |
| कर्कट | : भोगविलास र आनन्दप्रति मन आकर्षण बढ्ला । |
| सिंह | : मनोरञ्जन र भेटघाटमा समय व्यतित होला । |
| कन्या | : दुरगामी लगानीमा ध्यान पुऱ्याउँदा राम्रो । |
| तुला | : विशिष्ट व्यक्तिसँग मित्रता बढ्ला । |
| वृश्चिक | : कामधन्दामा व्यस्त रहने समय योग देखिन्छ । |
| धनु | : महत्वकांक्षा नराख्दा नै राम्रो रहने समय छ । |
| मकर | : परिबन्ध र बाध्यताका कारण आर्थिक बोझ होला । |
| कुम्भ | : मातृपक्षको सल्लाहले गरिएको कामबाट लाभ । |
| मीन | : न्यायिक र प्रशासनिक क्षेत्रबाट लाभ प्राप्त होला । |

# युवा, विदेश मोह र समृद्ध राष्ट्र



✍ विज्ञान रिमाल "दिग्गज"

**विषयप्रवेशः**

सामान्यतयाः युवा भन्नाले जीवन प्रगतिको शिखरतर्फ लम्किरहेको नवीन सोच चिन्तनले निर्देशित समाज परिवर्तनको संवाहक हुन् । अर्को भाषामा भन्नुपर्दा मानव समाजको उत्कृष्ट शिल्पी र सर्जक "युवा" रचनात्मक समृद्ध समाज र राष्ट्रको एक कर्मठ साहसी विद्रोही परिवर्तन गर्न सक्ने एउटा शक्ति हो । जानकारहरुले भनेझैं समयका सारथी, युद्धका विजेता, इतिहासका निर्माता, वर्तमानका संवाहक, हिस्सेदार र भविष्यका स्वप्नद्रष्टा एवम् कर्णधार पनि युवा शक्ति नै हो । विश्वमा नै हेर्ने हो भने परिवर्तनका लागि भएका आन्दोलनहरुमा यूवाको नेतृत्व अगुवाईमा नै सफल भएको जनमानसमा विदितै छ । परिवर्तनको कुरा गर्ने नै हो भने नेपालको सन्दर्भमा दिगो रुपमा टिक्न सकिरहेको छैन । नेपालमा परिवर्तन संस्थागत हुन नसकिरहेको तितो यथार्थ हामीले भोगिहेका छौं ।

युवा कसलाई भन्ने, कुन उमेरको समुहलाई भन्ने विषयमा कानुनतः आ-आफ्नो देशको आ-आफ्नो मुल्य, मान्यता छन् । नेपालमा १८ वर्षदेखि ४० वर्षसम्मकालाई युवा भनेर सम्वोधन गरेको छ भने अन्तर्राष्ट्रिय अभ्यासहरुलाई विश्लेषण गर्ने हो भने संयुक्त राष्ट्रसंघले १५-२४ वर्ष उमेर समूहका व्यक्तिलाई युवा मानेको छ। फिलिपिन्स र बंगलादेशले १५-३० वर्षको उमेरलाई युवा, जर्मनीले १४-२६ वर्षको उमेरलाई युवा, भारतले १५-३५ वर्षको उमेरलाई युवा, चीनले १४-२८ वर्षसम्मको उमेर समूहलाई युवा समुह मानेको छ। नेपालमा कुन समुहलाई यूवा भन्ने भनेर मतभेद, द्विविधा र वहसको विषय बनेको छ । यस्तो परिस्थितिमा यूवा भनेर कुन आधारमा परिभाषित गर्ने भन्ने कौतुहल्ताको विषय बनेको छ । हुन त जोश जाँगर र सृजनशीलतालाई आधार मान्न सकिएला तर त्यो भावनात्मक परिभाषालाई मात्र समेटेर हुन्न । युवालाई सही ढङ्गले पहिचान गर्न सकिएन र वैज्ञानिक अनि व्यवहारिक ढङ्गले परिभाषित गर्न सकिएन भने युवा हिजो र आज जस्तै भोलि पनि समस्याको केन्द्रबिन्दु मात्रै बनिरहने डर हुन्छ ।

**कहाँ चुकेका छन् नेपाली युवा ?**

स्वयम् युवाहरुकै अभिमत रहेको निष्कर्षः नेपाली युवाहरु दिशाहीन यात्रामा निस्किएका छन् । सामाजिक, राजनीतिक, आर्थिक, साँस्कृतिक जस्ता अनेकन कारणहरुले उनीहरु दिशाहीन यात्रामा जानी-नजानी बढिरहेका छन् । यसरी थालिएका दिशाहीन यात्राको नमूनाहरु सरसर्ती यहाँ प्रस्तुत गर्दछु ।

क) पलायनः नेपालको सन्दर्भमा हेर्ने हो भने औंलामा गन्न सक्ने नेपाली युवाले ३० वर्षको उमेरमा आफ्नो पढाई सकेर कुनै रोजगारीको क्षेत्रमा लागेको अवस्था छ । तर बाँकी कयौं युवाहरु नगन्य रुपमा वेरोजगारी, आर्थिक समस्या, शैक्षिक क्षेत्रको अस्तव्यस्त नीतिको कारणले १८ देखि ३० वर्षसम्मका रोजगारीको सिलसिलामा, अध्ययनको सिलसिलामा विदेशिएका, विदेशिने क्रममा छन् । नेपालबाट प्रत्येक दिन रोजगारी र अध्ययनको सिलसिलामा २ हजार ५ सयदेखि ३ हजारसम्म युवा जनशक्ति कामको खोजीमा मलेसिया, खाडी मुलुक लगायतका देशहरुमा जाने गरेका छन् भने अध्ययनको सिलसिलामा अमेरिका, क्यानडा, अष्ट्रेलिया, जापान सम्पन्न मुलुकहरुमा जाने गरेको सरकारी तथ्याङ्कहरुले देखाउँछन् भने खुल्ला सिमाना भएको कारण दोस्रो देशमा र सो देश भएर युद्धग्रस्त मुलुक र श्रम स्वीकृति नभएको देशहरुमा विदेशिनेहरु पनि धेरै छन् । त्यसको तथ्यांक उल्लेख गर्न धेरै नै गाह्रो छ । त्यसमा बढी जसो १८ देखि ४० वर्ष उमेर समुहका युवाहरु पर्दछन् ।

ख) कुलतः युवा पुस्ता भन्ने बितिकै देशको मेरुदण्डको रुपमा हेरिने गरिन्छ । तर व्यक्तिगत, पारिवारिक र सामाजिक क्रमभङ्गताबाट युवाहरु दिशाहीन यात्रामा बढिरहेका छन् । आजको दिनमा अशिक्षा र बेरोजगारीको कारणले साथीभाईको संगत, पारिवारिक झैझगडा, प्रेममा धोकाका कारणले मादक पदार्थ तथा लागुऔषध दूर्व्यसनमा फस्ने गरेका छन् । लागुपदार्थ सेवन गरी आफ्नो जीवन मृत्यूतर्फ धकेलिरहेका छन् । कुलतबाट युवा पुस्तालाई बचाउनु आजको मूख्य चुनौति बनेको छ । यो टाउको दुखाइ हटाउनका लागि विद्यालयस्तरदेखि नै यसको बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

ग) गैरकानुनी अभ्यासः हातहतियार, लागुऔषध जस्ता गैरकानुनी सामग्री ओसारपसार/कारोबार, गुण्डागर्दी, आदिमा युवा जनशक्तिको दुरुपयोग राजनीतिक आर्थिकरुपमा हुने गरेको छ । यसले पैसा र मोजमस्तीमा युवालाई भड्काउने काम रोकिनु पर्छ । कडा कानुनी सुरक्षा ब्यवस्थासहितको सही निर्देशन जरुरी हुन्छ । यसका लागि सरकारमात्र नभई परिवार, समाज सबैको उत्तिकै भूमिका हुन जरुरी छ ।

नेपालको परिप्रेक्षमा युवा जनशक्तिलाई उद्यमशीलतातर्फ उन्मुख गर्दै समृद्ध समाज निर्माण गर्न सरकार, समाज, परिवार र युवा स्वयम् जिम्मेवार हुन्छन् । युवाहरुको दिशाहीन यात्राको कारकको रुपमा यी पक्षहरु अछुतो हुन्न । नैतिक रुपमा युवा आफै मात्र नभई युवाको अवस्थाका लागि सरकार, समाज परिवार पनि उत्तिकै जवाफदेही हुनुपर्छ । सरकारको मुख्य उद्देश्य र योजना युवा केन्द्रित हुनु पर्छ । देशको भविष्य युवा हुन् । सरकार यस विषयमा गम्भीर हुन जरुरी छ ।

समाज र परिवारकै छत्रछाँयामा युवाको दिनचर्या चलिरहने भएकोले सही गन्तव्यतर्फ उन्मुख गर्न उनीहरुलाई समाज र परिवारको निर्देशन र रेखदेख जरुरी हुन्छ । चोर औंला कसैतर्फ तेर्साइहँदा बाँकी चार औला आफैंतिर फर्कन्छन् भन्ने तथ्य भुल्न हुन्न । युवा राष्ट्रको महत्वपूर्ण सम्पत्ति र शक्ति हो । उनीहरु नयाँ खोज अनुसन्धानमा हुन्छन् । शक्ति र सम्पन्नताको खोजीमा भौतारिन थाल्छन् । तुरुन्त र ठुलो भाग खोज्न पुग्दा दिशाहीन यात्राको भुमरीमा फस्न पुग्छन् । अन्य विकासोन्मुख राष्ट्रहरुमा जस्तै नेपालमा पनि युवाहरुको अवस्था अवश्य पनि सन्तोषजनक छैन ।

त्यसैले, विश्वव्यापी रुपमा परिवर्तन भइरहेको आर्थिक क्षेत्रमा उद्यमशीलताको महत्वपूर्ण भूमिका छ। हाम्रो नेपाल जस्तो देशमा कयौं सम्भावना हुँदाहुँदै पनि उद्योग, व्यवसाय, पर्यटनको क्षेत्रमा देश अगाडि बढ्न सकेको छैन । हामीलाई हामीसँग भएको अपार स्रोत र यसको प्रभावकारी ढंगबाट उच्चतम सदुपयोग गरी देश र जनताको आर्थिक समृद्धि गर्ने तर्फ अझैपनि विशेष योजना बन्न सकेको छैन । अझ भन्ने हो भने नेपालमा उद्यमशीलताका लागि चुनौति भन्दा अवसर नै बढी रहेको पाईन्छ। त्यसका लागि सरकारको तर्फबाट युवाहरुका लागि सीपमूलक कार्यक्रमको व्यवस्था, युवाहरुमा स्वदेशी काम प्रतिको सम्मानको वोध गराई तालिम सञ्चालन गर्नुपर्ने हुन्छ ।

समेट्नुपर्ने विषयः परिवर्तित विश्वको स्वरुप र त्यसमा यूवा लक्षित कार्यक्रमहरुमा नेपालमा यूवाहरुले आफ्नो दक्षता अनुसारको काम र आर्थिक लाभ नपाउने भएकोले आफ्नो आर्थिक धरातल नहेरी ऋण काटेर विदेशमा गएर धेरै पैसा कमाउने सपना बोकेर अहिले मलेसिया, साउदी, कतार, युएई, कुवेत, ओमान, बहराइन, दक्षिण कोरिया नेपालीहरुको प्रमुख गन्तव्य बनेको छ । युरोपको विकसित देशमा छिर्ने बाटो खोजिरहेका यूवाहरु क्रोएसिया, पोल्याण्ड, रोमानिया, रुस, युक्रेन जस्ता देशमा जाने नेपाली यूवाहरुको रहर र वाध्यताको श्रम गन्तव्य रहेको पाइन्छ । यि विकासको चरणमा रहेको खाडी मुलुकले र युद्धमा होमिएको राष्ट्रहरुले नेपाली सस्तो युवा जनशक्तिको रुपमा लिई फाइदा उठाइरहेको अवस्थामा यसलाई रोक्न सक्ने नीति निर्माण गर्नुपर्ने देखिन्छ ।

युवाहरुमा यस्तो सोच किन आइरहेको छ यसको तथ्यसम्म पुगेर सरकारले यसतर्फ समयमा नै ध्यान दिन सकेन भने यो अवस्थाले यूवाविहिन नेपाल भनेर विश्व सामु चिनाउन नसक्ला भन्ने छैन। उमेर र योग्यता अनुसारको उनिहरुले गर्न सक्ने कामको अवसर सृजना गर्न सक्नुपर्नेछ । शिक्षा, स्वास्थ्यमा सहज र सुलभता गर्न सक्नुपर्छ । सुन्दर र समृद्ध नेपाल निर्माणका लागि युवाहरुलाई कुनै पनि माध्यमबाट विदेश जानबाट रोक्न सक्नु पर्दछ । देशमा सृजना भएको बेरोजगारी समस्यालाई सम्वोधन गरी रोजगारीको सृजना गर्नु पर्दछ । विदेश मोहमा परेर पलायन हुने युवाहरुलाई चुनौती होइन अवसरका रुपमा लिएर नेपालको मेरुदण्डको रुपमा रहेको कृषिमा यूवा पुस्तालाई आकर्षित गर्ने, यूवा लक्षित शिक्षा स्वास्थ्य जस्तै अन्य रोजगारमुलक कार्यको सृजना गरी राष्ट्र निर्माणमा अघि बढ्न जरुरी छ ।

# गाउँमा विकास छ, मान्छे छैन !



✍ कान्ति न्यौपाने

बेहुली अन्माएर पठाएपछिको घर जस्तो सुनसान र उराठलाग्दो भएछ, तल्लाघरकी साइली आमाको घर । उमेरले ८४ पुग्नै लागेकी उनलाई म गाउँ जाँदा नभेटी फर्किन्न थिएँ । यो पटक उनको घरमा पुग्दा धेरै नरमाइलो लाग्यो । पूरै सन्नाटा, घर वरिपरि झाडी नै झाडी, वरिपरिको खेतबारी सबै बाँझो देख्दा कताकता नराम्रो लाग्यो ।

कुनैबेला २५ जनासम्म अटेको उक्त घर साइलीआमा एक्लै रुँगेर बसेकी थिइन् । धेरैअघि पनि होइन आजभन्दा १० वर्ष अघिसम्म पनि उनको घरभरि मान्छे थिए । ६ जना छोरा, ६ जनै बुहारी र ४ जना छोरी भएको उनको घर सधैं चाडबाडमा पाहुन आएजस्तो भरिभराउ हुन्थ्यो । गाउँभरिमै धेरै मान्छे भएको परिवारमा थियो उनको घर ।

उनका श्रीमान छोराछोरी सानै हुँदा बितेपछि जसोतसो हुर्काएकी साइली आमाको भरिभराउ घर निकै उराठलाग्दो बनेछ। कतिपय छोरा विदेशिए भने कतिपय काठमाडौंमा आ-आफ्नो परिवार सहित बसेका छन् । उनका छोरीहरु पहिले नै बिहे गरेर श्रीमानको घर लागिहाले ।

साइली आमाले मलाई देख्नेबित्तिकै आँखाभरि आँसु पारेर पिर्कामा बस्न अनुरोध गरिन् । म एकछिन उनको दुखेसो सुनेर बसेँ । आँखाभरि आँसु पारेर उनले विगतलाई सम्झिइन् ।

उनको चाउरी परेको अनुहार, ८४ पुगेको उमेर र विरक्त लाग्दो गाउँ देखेर काठमाडौं फर्किएको कतिसम्म पनि मन दुखिरह्यो । उनीसँग अहिले दुःखसुखका कुरा गर्ने, सुनिदिने कोही छैन । कालको पर्खाइमा छु नानी म त भन्दै उनले मन दुखाइरहिन् बरु ।

अहिले पनि गाउँ सम्झिँदा बहुतै नराम्रो लाग्छ । आजभन्दा १० वर्षअघिको गाउँ फिर्ता ल्याउन पाए पनि हुने लागिरहन्छ । हुन त गाउँ त्यस्तै त भएको छ । न त्यो समय छ, न ती साथी, न ती मान्छे ।

राजधानीबाट नजिकैको गाउँ भए पनि धेरै पछिसम्म पनि हाम्रो गाउँमा पानीको अभाव थियो, घट्टबाट धान मकै कुटेर ल्याएको मलाई याद छ, चिउरा कुट्न गाउँभरिका मान्छेहरू दुई घण्टाको बाटो भिजाएको धान बोकेर गएको धेरै भएको छैन । गाउँमा कसैको बिहे हुँदा टपरी गाँसेर लैजाने, दाउरा काटेर ल्याउने र बारीको पाटामा बसेर लस्कर लागेर भोज खाएको पनि एक दशक पुगेको छैन । तर आज गाउँमा न मान्छे छन्, न यसरी काम हुन्छ । शिशिर ऋतुमा समेत रमाइलो लाग्ने पहाडका डाँडाहरू अचेल झाडी नै झाडीले उराठ बनेका छन् । केवल मृत्युको पर्खाइमा रहेका बुढाबुढीहरू गाउँ कुरेर बसेका छन्, यो देख्दा अचेल पटकपटक मन दुखिरहन्छ ।

केही हप्ताअघि म विशेष कामले एक हप्ता गाउँमा गएर बसेँ । त्यो समयमा बचपनमा मसित खेल्ने मेरा उमेरका मभन्दा साना-ठूला कोही साथीहरू पनि गाउँमा भेटिएनन् । अधिकांश त विदेश गइसकेका छन् भने स्वदेशमा बस्नेहरु पनि सहरमा छन् ।

गाउँमा बसिरहँदा लुकीडुम, दौड, फुटबल, चुंगी र एकखुट्टे खेलेका हरेक ठाउँहरु पुनर्ताजगी भए । ठाउँ त त्यस्तै नै छ अलिकति बढी विकास पुगेको मात्रै हो । तर ती मान्छे, ती साथी, त्यो भावनात्मक सम्बन्ध भएका व्यक्तिहरु कोही छैनन् । त्यतिका वर्षसम्म आफू खेलेको, हुर्केको, पढेको गाउँमा कोही नभएपछि लाग्यो- भौतिक विकासमा पनि भावना जोडिनुपर्ने रहेछ, भावना नजोडिएको विकास खासै अर्थपूर्ण नहुने रैछ ।

अर्कोतर्फ, गाउँमा मनाइने धेरै संस्कृति र संस्कारहरु पनि लोप हुँदै गएका छन् । अचेल दसैं तिहारमा गाउँमा पिङ हाल्ने चलन हटिसकेको छ भने हालेको ठाउँमा पनि पिङ खाली हुन थालेको छ । अर्कोतर्फ गाउँमा बिहेवारी हुँदा गाउँभरिका मानिस जुटेर विवाह सम्पन्न गर्ने चलन हराइसकेको छ । मोडर्न पार्टी प्यालेस र सहरको बसाइले गाउँमा गरिने धेरै संस्कार लोप भइसकेका छन् ।

गाउँमा मान्छे मर्दा लास लैजाने कोही छैनन् । तसर्थ अचेल मान्छेले होइन, लासले जलाउने मान्छे कुरेर बस्नुपर्ने बाध्यता छ । मन्दिर, घाट, पार्टीपौवा, र भवनहरु सबै माकुराको जालोले भरिएका छन् । विभिन्न नाच, पूजाआजा र पर्वहरु मानिसको अभावमै लोप भइरहेका छन् । कतिपय पर्यटकीय सम्भावना बोकेका स्थल र ऐतिहासिक महत्वका स्थानहरु समेत संरक्षणको अभावमा जीर्ण हुँदैछन् ।

अहिले गाउँमा विकास भने धेरै पुगेको छ । कुनै समय पानीको लागि घण्टौं धाएर गाग्रीमा पानी बोक्नुपर्थ्यो भने अहिले घरघरमा धारो छ । कुनै समय उत्पादन भएको दूध बेच्ने ठाउँ थिएन भने अहिले घरघरमै दूध लिने मान्छे

....बाँकी पृष्ठ ३ मा

# चन्द्रोदय माविको ५८औं वार्षिकोत्सव सम्पन्न




*विद्यार्थीलाई पुरस्कृत गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-८, कमानेस्थित चन्द्रोदय माविको ५८ औं वार्षिकोत्सव आइतबार मनाइएको छ। आइतबार विशेष समारोहका बीच वार्षिकोत्सवको अवसरमा आयोजित विविध खेलकुद कार्यक्रममा सहभागी विद्यार्थीलाई पुरस्कृत गरिएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ईवाकर मैनालीको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिका कार्यपालिका सदस्य मञ्जु भुर्तेलको प्रमुख आतिथ्यमा वार्षिकोत्सव समारोह भएको हो ।

वार्षिकोत्सव समारोहमा विद्यार्थीले नृत्य तथा गायन कला प्रस्तुत गरेका थिए भने शिक्षकले पनि नृत्य प्रस्तुत गरेका थिए । विद्यालयलको वार्षिकोत्सवको अवसरमा तीनदिन विविध खेलकुद तथा रचनात्मक कार्य गरिएको प्रधानाध्यापक जीधराज ढकालले जानकारी दिनुभयो । विद्यालयका प्रधानाध्यापक जीधराज ढकालले विद्यालयको शैक्षिक सुधारका लागि सकारात्मक प्रयास भइरहेको उल्लेख गर्नुभयो ।

५ कक्षासम्म पूर्णतः अंग्रेजी माध्यममा पठनपाठन भइरहेको र ६ कक्षादेखि १० कक्षासम्म अंग्रेजी र नेपाली दुबै माध्यममा पठनपाठन भइरहेको उल्लेख गर्नुहुँदै प्रधानाध्यापक ढकालले अभिभावकको तर्फबाट पनि साथ र सहयोगको अपेक्षा गर्नुभएको छ । १२ कक्षासम्म पठनपाठन हुने चन्द्रोदय माविमा एक हजार एक सय विद्यार्थी अध्ययनरत छन् ।

# बालमैत्री कार्यक्रमअन्तर्गत वडामा घरदैलो

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका १० नम्बर वडाले बालमैत्री कार्यक्रम अन्तर्गत घरदैलो अभियान आइतबारबाट सञ्चालन गरेको छ । आइतबार पहिलो दिन बालमैत्री स्थानीय शासन घोषणाका लागि पूरा गर्नुपर्ने काम अन्तर्गत घरदैलो अभियान संचालन गरी बसपार्क क्षेत्रको किराना पसल, ग्यारेज र होटल संचालकहरुलाई हस्ताक्षर गराई ६६ वटा फ्लेक्स टाँसिएको वडा सहजकर्ता सविता विष्टले बताइन्।

“बालमैत्री समाजको आधारः जिम्मेवार परिवार, उत्तरदायी सरकार” भन्ने नाराका साथ पसल व्यवसायीहरुमा १८ वर्ष भन्दा कम उमेरका बालबालिकाहरुलाई चुरोट, सुर्ती, मदिराजन्य पदार्थ बिक्री वितरण गर्न नपाउने र बालश्रममा लगाउन नपाउने र लगाए कानुनी व्यवस्था सम्बन्धि सचेतना अभियान संचालन गरेको १० नम्बर वडा सदस्य गोमा सुनारले जानकारी दिनुभयो।

१० नम्बर वडाले आयोजना गरेको घरदैलो अभियानमा १० नम्बर वडा प्रतिनिधिहरु, सामुदायिक प्रहरी उपसेवा केन्द्र बसपार्क, १० नम्बर वडा सहजकर्ता, साना हातहरु नेपाल, बालश्रम कार्यालयका कर्मचारी, बाल संरक्षक संस्था, टोल विकास संस्था, नगर प्रहरी लगायतको उपस्थितिमा अभियान संचालन गरिएको थियो।

बालबालिकालाई कुनै पनि निकृष्ट प्रकारको श्रममा लगाउने छैनौं, १८ वर्ष मुनिका बालबालिकालाई सुर्तीजन्य, मदिराजन्य पदार्थको खरिद बिक्री वितरण गर्ने कार्यमा प्रयोग गर्ने छैनौं, नेपालको कानुन बमोजिम विवाह गर्ने उमेर भन्दा कम कम उमेरमा गरिने विवाहलाई निरुत्साहित गर्ने छौं र बालमैत्री स्थानीय शासनको महाअभियानलाई कार्यान्वयनका लागि सहयोग गर्छौं भन्ने फ्लेक्समा हस्ताक्षरको साथै प्रतिबद्धता गराई प्रत्येक पसल, होटेलमा टासिंएको थियो।

सचेतनामुलक फ्लेक्समा १० नम्बर वडा अध्यक्ष फुर्वा दोर्जे लामा, वडास्तरीय बाल समूह सञ्जालकी संस्कार ज्ञवाली र पसल संचालकको हस्ताक्षर गराइएको थियो । बालमैत्री अभियानसँगै सामुदायिक प्रहरीले पाकेटमारी, चोरी र लुटपाटबाट बच्ने उपाय सम्बन्धित प्रचा बाँड्दै सचेतना फैलाउने काम समेत गरेको सामुदायिक प्रहरी हवल्दार सीता खत्रीले जानकारी दिनुभएको छ।

# चैनपुर जेसीजमा ढकाल

समाज संवाददाता

हेटौँडाः जेसीआई चैनपुरको वर्ष सन् २०२४ को अध्यक्षमा रविन ढकाल निर्वाचित हुनुभएको छ। शनिबार भएको दोस्रो वार्षिक साधारणसभा तथा प्रथम अधिवेशनले ढकालको नेतृत्वमा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो । जेसीजको कार्यकारिणी उपाध्यक्षमा सुरेश गौतम र महेश खुलाल, उपाध्यक्षमा हरिशरण शिवाकोटी, उज्वल बिष्ट, नवराज रिजाल र जयराम रिजाल चयन भएका छन् ।

सबैजना सर्वसम्मत निर्वाचित भएको निर्वाचन आयुक्त चैनपुर जेसीजको मातृशाखा पर्सा खैरहनी जेसीज २०२१ का अध्यक्ष रमेश पराजुलीले जानकारी दिनुभएको छ । अध्यक्षमा चयन भएका ढकालले सबैलाई समेट्दै आफ्नो कार्यकाल नमूनालायक बनाउने बताउनुभएको छ। चैनपुर जेसीज नयाँ शाखा भएकोले तालिमसँगै युवाहरुको नेतृत्व र व्यक्तित्व विकास तथा सामाजिक कार्यलाई निरन्तरता दिने उहाँको भनाई छ।

चैनपुर जेसीजका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारीको अध्यक्षतामा भएको अधिवेशनमा नेपाल जेसीजका पूर्व राष्ट्रिय अध्यक्ष राजेशमोहन प्रधान, नेपाल जेसीजका पूर्व कार्यकारिणी उपाध्यक्ष अरुणकुमार दाहाल, हेटौंडा जेसीजका पूर्व अध्यक्ष बासु न्यौपाने, मातृशाखा पर्साखैर हनी जेसीज २०२३ का अध्यक्ष सुरजप्रसाद नेपाल, पूर्वअध्यक्ष रमेश पराजुली, २०२४ का लागि निर्वाचित अध्यक्ष नारन उप्रेती लगायतको आतिथ्य रहेको थियो। बुटवलमा भएको नेपाल जेसीजको ५० औं राष्ट्रिय महाधिवेशनबाट चैनपुर जेसीजले पूर्णता पाएको थियो ।

# *गाउँमा विकास छ...*

आइपुग्छ । घण्टौं हिँडेर पुगिने ठाउँमा गाडीको सुविधाले २० मिनेटमै पुग्न सकिने भएको छ ।

घरनजिकै स्कुल छ, स्वास्थ्य संस्था छ । स्थानीय तहले पनि किसानलाई प्रोत्साहनका लागि धेरै कार्यक्रम ल्याएको छ। उन्नत जातका पशु दिनेदेखि विभिन्न तालिम र बिउविजन गाउँमा सहजै पाइन्छ। आगोमा फुँ-फुँ गरेर धुवाँ खाँदै पकाउनुपर्ने युगलाई ग्याँस र इन्डक्सनले विस्थापित गरेको छ । उत्पादन भएका धान, मकै र तरकारी लिन घरमै गाडी आइपुग्छ । विडम्बना गाउँमा सुविधा पुगेको छ तर मान्छे कोही छैन । भएका युवाहरु पनि फ्रस्टेड भएर विदेशिसकेका छन् । अनि आफू पनि गाउँ पुग्दा विरक्त लाग्ने अवस्था बनिसकेको छ ।

अर्कोतर्फ गाउँमा शिक्षाको पनि उस्तै सुविधा पुगेको छ । विद्यार्थीलाई दिवा-खाजाको व्यवस्था गरिएको छ भने धेरै दाताहरुले स्कुलमा कपी, किताब र खेलकुदका सामग्री निःशुल्क वितरण गरिरहेका छन्। जबकि केही वर्षअघिसम्म हामी हाफछुट्टीमा लप्सी, अम्बा खोजेर खान्थ्यौं भने कतिपय साथीहरूले कापी समेत किन्न नसक्ने अवस्था थियो ।

चकले ब्ल्याकबोर्डमा लेखेर चौरमा समेत बसेर पढेको अनुभव मलाई छ । त्यत्ति हुँदा पनि विद्यार्थी भरिभराउ हुन्थे । घर बस्दा र घुम्न जाँदा लगाउने लुगा समेत स्कुल ड्रेस नै हुन्थ्यो। अहिले गाउँको स्कुलमा पनि सुविधासम्पन्न भवन बनिसकेको छ । कम्प्युटर, ह्वाइट बोर्ड, इन्टरनेट र प्राविधिक शिक्षकहरु पढाउन पुगेका छन्। हाम्रो समयमा जस्तो फोहोर ट्वाइलेट पनि छैन । सुविधा जति पुगे पनि स्कुलमा विद्यार्थी छैनन् । विद्यार्थी बिनाको स्कुल र सुविधाको पनि के अर्थ छ र ?

तीन तहकै सरकारले गाउँ-गाउँको बजेटमा बर्सेनि वृद्धि गरिरहेका छन् । मानिस नभएका ठाउँमा विकास मात्रै गरेर के गर्ने ? प्रयोग नै नहुने बाटो, विद्यार्थी नै नभएको स्कुलको भवन, पूजा गर्ने मानिस नआउने मन्दिर र खानेपानीका पाइप बिच्छ्याएर के गर्ने ? यी सबै भौतिक सुविधा प्रयोग गर्ने गाउँका युवा कोही छैनन् ।

अब सुविधा बढाउनेभन्दा पनि गाउँगाउँमा सुविधाको उपयोग गरेर विकास गर्ने नागरिकको खाँचो छ । सहरमा मात्रै केन्द्रित भएको बस्तीलाई गाउँगाउँमा पनि आकर्षित गर्ने खालका योजना ल्याउनु जरूरी छ। सो खालका अवसरहरु गाउँमा पुगे मात्रै अब युवा गाउँमा बस्छन्। अन्यथा, सामान्य भौतिक पूर्वाधारको विकासले मात्रै कोही पनि गाउँघरमा बस्ने अवस्था छैन । युवा आकर्षित हुने काम सरकारले नगरेसम्म गाउँको विकासले अर्थ नराख्ने भइसक्यो ।

समय धेरै परिवर्तन भइसकेको छ। एउटा पुस्ताहरु सकिनेबित्तिकै गाउँहरु खाली बन्ने अवस्था आइसकेको छ। जसले गर्दा उत्पादन हुने जमिन बाँझिएको छ भने भएका युवाशक्ति सबै विदेशमै हुने सम्भावना बढेको छ । मानिस नभएका ठाउँमा विकासको सुविधा पुऱ्याएर मात्रै पनि त्यसबाट उपलब्धि केही हुने देखिँदैन।

तसर्थ, गाउँको बसाइसराइ रोक्न स्थानीयलाई आयआर्जनसँग जोड्ने, पर्यटन प्रवर्द्धन गर्ने, उद्योगधन्दा सञ्चालन गर्ने, स्रोत साधानको पहिचान गरेर उपयोग गरी स्वरोजगार बनाउने कामतर्फ ध्यान दिनुपर्ने देखिन्छ। अन्यथा देशको अवस्था थप भयावह बन्ने देखिन्छ ।

*(स्रोतः सेतोपाटी)*

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

# बालजागृतिका विद्यार्थीको आवाज

## जाडोयाम



**इलिना सापकोटा**

जाडो महिना लागेपछि घाम हुन्छ प्यारो,
गर्मी महिना लागेपछि घामले साह्रै गाह्रो ।

रुघाखोकी त जाडोको नियम नै मानिन्छ,
न्यानो तातो लुगा लगाई बस्नुपर्छ हामी त ।

चिसो-चिसो मौसम छ तातो पानी पिऔं,
तातो मिठो खाना लिई घामतिर लागौं ।

शिरदेखि पाउसम्म बाक्लो लुगा लगाएर,
सुत्दाखेरी बाक्लो, तातो, न्यानो सिरक ओढेर ।

कसैलाई त जाडोयाम फिटिक्कै मन नपर्ने,
तर मलाई किन किन होला यै जाडोयाम मनपर्ने ।

*कक्षा-४*

## बाबा



**कृतिका बर्तौला**

सपना छन् हजुरका पनि, ती सबै मारेर
परिवारको ईच्छा सबै पूरा गरेर ।

खै कसरी सक्छौ, चिन्ता दुःख सबै लुकाउँछौ
घर आउँदा एक गिलास पानीले नै खुसी हुन्छौ ।

लाग्दैन डर कसैको, मेरो शिरमा हजुरको आशीर्वाद हुन्छ
अघि बढ्ने यति हिम्मत हुन्छ, मेरो हातमा जब हजुरको हात हुन्छ।

हजुरको दुःख बोकेर हिँड्ने छु
त्यो दिन म अति खुसी हुनेछु ।

जब मिहिनेतले हजुरको सपना पूरा गरेर म आउने छु
अनि हजुरको मुखबाट स्याबास पाउने छु बाबा ।

*कक्षा-४*

## बाबा



**सरिका बास्तोला**

पिता, तपाई हाम्रो संसार
प्रेम र समर्पणको उदाहरण हाम्रो आदर ।

आफ्नो हेरचाहमा छ हाम्रो मर्म
आशीर्वाद रहोस् पिता, तपाई हाम्रो धर्म ।

बालापनमा तपाईले हामीलाई चलाए
जीवनको मार्गमा तपाई हामीले पाए ।


शिक्षा, मार्गदर्शन र आदर तपाईको बाट
पिता, हामी उत्कृष्टमा अगाडि बढे ।


जीवनको सफलतामा तपाईको हस्त
आशीर्वाद हाम्रा लागि सर्वप्रथम कस्ता ।

पिता, तपाई हाम्रो शिखर
सधै छायामा हाम्रो तपाईको प्रतिबन्ध ।

*कक्षा-४*

## चित्रकला





**निमिषा जोशी, कक्षा-५**

## अल्छी युग

अल्छी भयौ भन्छिन् आमा, खेल्ने कुद्ने गर,
कोठा नै प्यारो लाग्छ मलाई, छैन कुद्ने रहर ।

बाहिर खेल खेल्नु पर्छ, नबस धेरै घर,
बन्द कोठा नै प्यारो मलाई, बाहिर लाग्छ डर,

भित्रै रमाउँछु म आमा, जान्न बाहिर नगर्नु है कर ।
टिभि अनि मोबाईल सबथोक बाहिर के नै छ र,

एक्लै भयौ भन्छिन् आमा, भयो साथीभाइ पर,
नबस बन्द कोठामा धेरै, रमाईलो छ बाहिरी संसार ।



**अविष्णा थापा**

*कक्षा-४*

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

# यु-१६ राष्ट्रिय टिमको प्रारम्भिक सूचीमा बकैयाकी भोम्जन

समाज संवाददाता

हेटौंडाः यु-१६ महिला फुटबलको राष्ट्रिय टिमको प्रारम्भिक सूचीमा मकवानपुरको बकैया गाउँपालिकाकी लमिन भोम्जन छनोट भएकी छिन् । राष्ट्रिय टिमको छनोटका लागि प्रारम्भिक सूचीमा बकैयाकी भोम्जनसहित देशभर का ३५ जना महिला खेलाडीमा छनोट भएका हुन् ।

बागमती प्रदेशस्तरीय छनोट प्रतियोगिताबाट ३५ जना खेलाडीको सूचीमा भोम्जन पर्न सफल भएको बकैया खेलकुद विकास समितिका अध्यक्ष विजय लामा थिङले बताउनुभयो । भोम्जन कुनैपनि क्लबमा आवद्ध नभएको अध्यक्ष लामाले जानकारी दिनुभयो ।




गत वर्ष भएको पालिकास्तरीय प्रतियोगितामा आफ्नो उत्कृष्ट प्रर्दशनलाई कायम राख्दै भोम्जन प्रदेशस्तरीय छनोट प्रतियोगितामा समावेश हुन सफल भएकी हुन् । स्थानीय तहकै प्रतियोगिताबाट पहिलो राष्ट्रियस्तरको प्रारम्भिक सूचीमा पर्न सफल भएको अध्यक्ष लामाले बताउनुभयो । यसअघि उनी कुनै पनि राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी नभएको उहाँले बताउनुभयो ।

यही पुस २४ गतेबाट यु-१६ मा सहभागी हुन प्रदेशको ४५ वटा जिल्लाबाट महिला खेलाडीहरुबीच प्रतिस्पर्धा हुनेछ । महिला खेलाडीहरुलाई राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी गराउने उद्देश्यले अखिल नेपाल फुटबल संघ (एन्फा)ले एन्फामा आवद्ध भएका ४८ जिल्ला फुटबल संघहरुलाई टिम छनोट गर्न अनुरोध गरेको छ ।

## विद्यालयको अक्षयकोषमा सहयोग

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, कर्रास्थित श्रमिक माविको अक्षयकोषमा स्थानीय सुसा श्रेष्ठले १५ हजार रुपैयाँ सहयोग गर्नुभएको छ । आइतबार दिउँसो विद्यालयमै पुगेर श्रेष्ठले अक्षयकोषमा राख्ने गरी चेक हस्तान्तरण गर्नुभएको छ । विद्यालयले एक करोड रुपैयाँ बराबरको अक्षयकोष बनाउने लक्ष्यसहित सहयोग संकलनको कार्य सुरु गरेको विद्यालयका सहायक प्रधानाध्यापक गोपीरमण प्याकुरेलले बताउनुभएको छ ।

विद्यालयले आफ्नो पहलमा अक्षयकोषमा पाँच लाख रुपैयाँ रकम जम्मा गरेपछि वडा कार्यालयले पाँच लाख रुपैयाँ थप गरिदिने जनाएको छ । सहयोग हस्तान्तरण कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्कीले सबैको साथ र सहयोगमा विद्यालयलाई व्यवस्थित र गुणस्तरीय शिक्षा आर्जन गर्ने थलोको रुपमा विकसित गरिने बताउनुभएको छ । प्रधानाध्यापक श्रीराम दाहालले अक्षयकोषका लागि नियमितरुपमा सहयोग प्राप्त हुने क्रम जारी रहेको बताउनुभएको छ ।

# राक्सिराङमा न्यानो कपडा वितरण




कपडा वितरण गरिँदै ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा इन्फिल्डर्स मकवानपुरले मकवानपुरको राक्सिराङ गाउँपालिका-२ कुँडुलेका चेपाङहरुलाई न्यानो कपडा वितरण गरेको छ । राक्सिराङ गाउँपालिका २ का वडा अध्यक्ष बुद्धिराम मोक्तानको उपस्थितिमा शनिबार ८० जनालाई कपडा वितरण गरेको हेटौंडा इन्फिल्डर्स मकवानपुरका अध्यक्ष राजक शाहीले जानकारी दिनुभयो ।

जाडोमा लगाउने ज्याकेट, ट्राउजर, स्वेटर र हुडीहरु गरी करिव २ लाख ५० हजार रुपैयाँ बराबरको कपडा वितरण गरेको शाहीले जानकारी दिनुभएको छ । हेटौंडा बजारका फेन्सी पसलहरुबाट कपडा संकलन गरिएको थियो । व्यवसायीहरु अर्जुन चौधरी, सञ्जय तामाङ, शान्ताकुमार श्रेष्ठ, कुमार अधिकारी, मन्नु सलाउदी मिया, ओम चौलागाई, सज्जन गौतम, रवि शर्मा कँडेल, बिपिन ताम्राकार, अनिल श्रेष्ठ र राजक शाहीले कपडा सहयोग गरेका थिए ।

# हिमालयन राईडर्सद्वारा शैक्षिक सामग्री सहयोग



विद्यार्थीलाई स्कूल व्याग हस्तान्तरण गरिँदै ।

समाज संवाददाता

हेटौंडाः साइकल संस्कृति प्रवर्द्धनमा सक्रिय हिमालयन राईडर्स सोसाइटी मकवानपुरले शनिबार हेटौंडा-१६, शक्तिखोलास्थित बीपी आधारभूत विद्यालयका ८३ जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको छ । गएको तिहारमा देउसीभैलो खेलेर जम्मा भएको ४५ हजार रुपैयाँले विद्यार्थीलाई कापी, कलम र व्याग वितरण गरेको हिमालयन राईडर्स सोसाइटीका उपाध्यक्ष राजु थापाले जानकारी दिनुभयो ।

हिमालयन राईडर्स सोसाइटी मकवानपुरका सदस्यहरु विद्यालय पुगेर शैक्षिक सामग्री हस्तान्तरण गर्नुभएको हो । हिमालयन राईडर्स सोसाईटीका अध्यक्ष राम कुमार श्रेष्ठको सभाध्यक्षता तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष केदारसिं वाईबाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । विद्यालयका प्रधानाध्यापक ठाकुर नेपालले हिमालयन राईडर्स सोसाइटी मकवानपुर परिवारप्रति आभार व्यक्त गर्नुभयो । कार्यक्रममा हिमालयन राईडर्स सोसाईटीका संस्थापक अध्यक्ष चेतनाथ आचार्यको पनि आतिथ्य रहेको थियो ।

# विद्यार्थी प्रोत्साहनका लागि खुत्रुके अभियान

समाज संवाददाता

हेटौंडाः इन्द्रसरोवर गाउँपालिका वडा नम्बर २ मा विद्यार्थीहरुलाई प्रोत्साहनका लागि खुत्रुके अभियान सुरु गरिएको छ । गत असार २० गतेबाट पालिकाको खुत्रुके अभियानअन्तर्गत् प्रत्येक व्यवसायबाट २० रुपैयाँ जम्मा गर्दै आएको हो ।

आइतबार टोल विकास सुधार समिति अध्यक्ष सुसन श्रेष्ठको अध्यक्षता तथा वडा-२ का वडा अध्यक्ष सुमन श्रेष्ठको प्रमुख आतिथ्यमा खुत्रुकेमा जम्मा गरिएको पैसा गणना गरिएको छ । असार २० गतेदेखि होटल, रेष्टुरेन्ट, किराना तथा तरकारी पसलहरुले खुत्रुकेमा जम्मा गरेको पैसा संकलन गरेर गन्दा ४८ हजार ४ सय ३५ रुपैयाँ जम्मा भएको अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

विपन्न परिवारका विद्यार्थीहरुलाई कलम, कपी र अन्य आवश्यक सामग्रीहरु सहयोग गर्ने उद्देश्यले खुत्रुके अभियान सुरु गरी पैसा जम्मा गरेको अध्यक्ष श्रेष्ठले बताउनुभयो । प्रत्येक होटेलले २०-२० रुपैयाँ जम्मा गरेको उहाँले बताउनुभयो । सेवाग्राहीले पनि स्वेच्छिक सहयोग गरेको उहाँले जानकारी दिनुभयो ।

विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले रकम जम्मा गरेको उहाँको भनाइ छ । खुत्रुके अभियानबाट जम्मा भएको रकम आर्थिकरुपले विपन्न गरिब परिवारका विद्यार्थीलाई सहयोग गर्ने उहाँले बताउनुभयो । प्रत्येक ३ महिनाको अवधिमा खुत्रुकेमा जम्मा भएको पैसा गणना गरेर विपन्न परिवारमा सहयोग गर्ने गरेको बताइएको छ । विगतमा विपन्न परिवारलाई खेलकुदमा सहयोग गरेको उहाँले जानकारी दिनुभयो ।


## वडावासीहरुमा जानकारीका लागि अनुरोध

नेपालको संविधान भाग – ३ मौलिक हकको धारा ३९ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४, र बालबालिका सम्बन्धी ऐन,२०७५, समेतलाई कार्यान्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगरपालिका तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोरकिशोरीहरुले विवाह गरे गराएमा दुवै पक्ष कानून बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं । साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम ( जस्तैः मोटर ग्यारेज, होटल, गिट्टी,बालुवा,सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन,सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । नगर भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानून बमोजिम हुने व्यवहोरा पनि जानकारी गराईन्छ ।

**सुनिल मोक्तान**
**वडा अध्यक्ष तथा**
**१५ नम्बर वडा कार्यालय परिवार**
**हेटौंडा उपमहानगरपालिका**

## हेटौंडा उपमहानगरपालिका २ नम्बर वडा कार्यालयको सूचना

बालश्रम बालविकासमा असर पार्ने शोषणजन्य कार्य हो । बालश्रमले बालबालिकाको वृद्धि र विकासमा गंभिर असर पार्ने गर्दछ । यसको अन्त्यका लागि सरोकारवालाहरुले गम्भीर भएर सोच्नु जरुरी छ ।

**विष्णुगोपाल महर्जन**
**वडा अध्यक्ष तथा**
**२ नम्बर वडा कार्यालय परिवार**

## सूचना ! सूचना !! सूचना !!!

### ड्राइभिङ्ग तालीम कार्यक्रम सम्बन्धि सूचना

*प्रथम पटक सूचना प्रकाशन मिति : २०८०।९।२३*

चालु आ. व. ०८०।०८१ को बार्षिक कार्यक्रम अनुसार हेटौडा उपमहानगरपालिकाको लै. स. सा. स. तर्फ स्वीकृत विपन्न महिला आय आर्जन कार्यक्रम अन्तरगत १५ दिने ड्राइभिङ्ग तालीम सञ्चालन गर्न यस सेन्टर र हेटौडा उपमहानगरपालिका वीच भएको सम्झौता अनुसार उपमहानगरपालिका क्षेत्र भित्र स्थायी वसोवास गर्ने तालीम पश्चात स्वरोजगार वन्न प्रतिवद्ध भएका २० (वीस) जना सहभागीका लागि तालीम संचालन गरिने भएकोले यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । तोकिएको अवधि भित्र नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी, सम्वन्धित वडा कार्यालयवाट प्राप्त गरेको विपन्नताको सिफारिस, प्राथमिकता दिनु पर्ने आधार पुष्टि गर्ने प्रमाणको कागजात समेत संलग्न राखी आवेदन दिन यो सूचना प्रकाशन गरिएको छ । म्याद भित्र नआएका निवेदनलाई छनोट प्रकृयामा समावेश गरिने छैन ।

**नोटः**
१. वैदेशिक रोजगारीवाट फर्किएका, एकल महिला, दलित, जनजाती र आर्थिक रुपले विपन्न परिवारलाई छनोटमा प्राथमिकता दिइनेछ ।
२. तालीममा सहभागीताका लागि आवेदन यस सेन्टरको कार्यालय हेटौडा उपमहानगरपालिका-११ थानाभञ्याङ्गमा उपलब्ध गराउनु पर्ने छ ।
३. छनौट प्रक्रिया सम्बन्धि जानकारीका लागि र अन्य जानकारीका लागि यस सेन्टरको कार्यालयमा सम्पर्क गर्नु हुन वा मोवाईल नम्बर ९८५५०७१६२४ वा ९८४५०६६८९० सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**पायोनियर मल्टिपर्पस ड्राईभिङ्ग सेन्टर**
**हेटौडा उपमहानगरपालिका-११, थानाभञ्याङ्ग**
**मकवानपुर, नेपाल**

**के तपाईं आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०**
Email:sambridhasamaj@gmail.com

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



## वडावासीहरुमा जानकारीका लागि अनुरोध

नेपालको संविधान भाग – ३ मौलिक हकको धारा ३९ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४, र बालबालिका सम्बन्धी ऐन,२०७५, समेतलाई कार्यान्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगरपालिका तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोरकिशोरीहरुले विवाह गरे गराएमा दुवै पक्ष कानून बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं । साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम ( जस्तैः मोटर ग्यारेज, होटल, गिट्टी,बालुवा,सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन,सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । नगर भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानून बमोजिम हुने व्यवहोरा पनि जानकारी गराईन्छ ।



**दामोदर गौतम**
**वडा अध्यक्ष तथा**
**७ नम्बर वडा कार्यालय परिवार**
**हेटौंडा उपमहानगरपालिका**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ